# त्रिभुवन विश्वविद्यालय

# ग्राजुयट स्कूल अफ एजुकेशन सञ्चालन कार्यविधि
# २०७३

**पारित मिति** : २०७३/ /
(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. ११९७)

**संशोधन**
त्रि.वि. कार्यकारी परिषद्को मिति २०७५/४/२ गतेको बैठकको निर्णय नं. १९९३)

त्रिभुवन विश्वविद्यालय

# त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र सङ्काय
# ग्राजुयट स्कूल अफ एजुकेशन सञ्चालन कार्यविधि २०७३

**(पहिलो संशोधन २०७५ श्रावण २)**

त्रिभुवन विश्वविद्यालयले संचालन गरेका शैक्षिक कार्यक्रमहरुलाई व्यवहारिक, जीवनोपयोगी र समय सापेक्ष बनाउँदै लैजाने मान्यता अनुरुप शिक्षाशास्त्र सङ्कायले विभिन्न तहका उपाधि प्रदान गर्ने कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । उच्च शिक्षाको क्षेत्रमा उच्चतहको पेशागत दक्षता र विशेषज्ञता तथा अनुसन्धान कौशलताले निपुण जनशक्ति निर्माण गर्ने गरी शिक्षाशास्त्र सङ्कायले २०५२ सालदेखि विद्यावारिधी र २०६२ सालदेखी एम. फिल. कार्यक्रम सञ्चालन गरिरहेको छ । यी कार्यक्रमलाई थप ब्यवस्थित गरी अन्तर्राष्ट्रिय स्तरको वनाउन शिक्षाशास्त्रका विशिष्टीकरण विषयमा एम. फिल. र पिएच. डी. कार्यक्रम एकीकृत रूपमा सञ्चालन गर्नका लागि त्रिभुवन विश्वविद्यालयको वर्तमान व्यवस्थापन प्रणाली सम्बन्धी नियम र व्यवस्थाहरु पर्याप्त नभएकोले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ को दफा २ नं. र ख दफा ०६ ८ ७ ठ को प्रयोजन दफा ३०.२ १३ (छ) को प्रयोजनको लागि र दफा ३४ विकेन्द्रीकरण नियम २०५५ त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन २०५० को नियम १३३ को नियम २९७ ले दिएको अधिकार प्रयोग गरी शिक्षाशास्त्र सङ्काय डीन कार्यालय अन्तर्गत "ग्राजुयट स्कूल अफ एजुकेशन (Graduate School of Education)" को स्थापना गरिएको छ । एकिकृत एम. फिल. - विद्यावारिधि कार्यक्रम सञ्चालनका लागि "ग्राजुयट स्कूल अफ एजुकेशन सञ्चालन कार्यविधि २०७३", संसोधन सहित कार्यकारी परिषद्को बैठकले स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १.१ सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम 'त्रि.वि. शिक्षाशास्त्र सङ्काय ग्राजुयट स्कूल अफ एजुकेशन सञ्चालन कार्यविधि २०७३' रहेको छ ।

(ख) यो कार्यविधि कार्यकारी परिषद्ले स्वीकृति गरेको मितिदेखि लागु हुनेछ ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएको :

(क) 'विश्वविद्यालय' भन्नाले त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) सम्झनु पर्दछ ।

(ख) 'नियम' भन्नाले त्रिभुवन विश्वविद्यालयसम्बन्धी नियमहरू सम्झनु पर्दछ ।

(ग) 'कार्यकारी परिषद्' भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद् सम्झनु पर्दछ ।

(घ) 'सङ्काय' भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका शिक्षाशास्त्र सङ्काय सम्झनु पर्दछ ।

(ङ) ‘स्कुल’ भन्नाले ग्राजुयट स्कूल अफ एजुकेशनलाई सम्भन्नु पर्दछ ।

(च) ‘डीन’ भन्नाले सङ्काय डीनलाई सम्भन्नु पर्दछ ।

(छ) ‘सहायक डीन’ भन्नाले सङ्काय सहायक डीनलाई सम्भन्नु पर्दछ ।

(ज) ‘निर्देशक’ भन्नाले ग्राजुयट स्कुल अफ एडुकेसनको निर्देशकलाई सम्भन्नु पर्दछ ।

(झ) ‘सह-निर्देशक’ भन्नाले ग्राजुयट स्कुल अफ एडुकेसनको सह-निर्देशकलाई सम्भन्नु पर्दछ ।

(ञ) ‘पाठ्यांश संयोजक’ भन्नाले विशिष्टिकरण विषयगत पाठ्याँश संयोजकलाई सम्भन्नु पर्दछ ।

(ट) ‘अनुसन्धान समिति’ भन्नाले शिक्षाशास्त्र सङ्काय डीन कार्यालयअन्तर्गत गठित अनुसन्धान समितिलाई सम्भन्नु पर्दछ ।

(ठ) ‘सदस्य’ भन्नाले अनुसन्धान समितिको सदस्य तथा एम. फिल. तथा विद्यावारिधि कार्यक्रम अन्तर्गत गठित समितिहरूको सदस्यलाई सम्भन्नु पर्दछ ।

(ड) ‘विद्यार्थी/शोधार्थी’ भन्नाले शिक्षाशास्त्र सङ्कायद्वारा सञ्चालित एम. फिल. तथा विद्यावारिधि कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई सम्भन्नु पर्दछ ।

(ढ) ‘विद्यार्थी शुल्क’ भन्नाले एम. फिल. तथा विद्यावारिधि कार्यक्रमका विद्यार्थीहरूका निम्ति डीन कार्यालयले तोकेको प्रवेश परीक्षा, मासिक वा सेमेस्टर शुल्क, परीक्षा शुल्क, विलम्ब शुल्क, विषयगत शुल्क, आवधिक शुल्क/दस्तुर रकम सम्भन्नु पर्दछ ।

(ण) ‘शोधनिर्देशक’ भन्नाले एम. फिल. तथा विद्यावारिधि अध्ययन गरिरहेका शोधार्थीको शोधपत्रको निर्देशकलाई सम्भन्नु पर्दछ ।

(त) ‘प्राध्यापक’ भन्नाले एम. फिल. तथा विद्यावारिधि कार्यक्रममा प्राध्यापन गर्ने शिक्षकलाई सम्भन्नु पर्दछ ।

## परिच्छेद २

## ग्राजुयट स्कूल अफ एजुकेशन (Graduate School of Education) को गठन

२.१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत एम.फिल., विद्यावारिधि र पोष्टडक तहका अध्यापन र अनुसन्धानलाई अझ बढी समय सापेक्ष प्रभावकारी र गुणस्तरयुक्त बनाई राष्ट्रिय आवश्यकता पूरा गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति तथा विषय विज्ञ उत्पादन गर्ने उद्देश्यले विशिष्ट तहको अनुसन्धान उपाधिमूलक कार्यक्रमका साथै अल्पकालीन अनुसन्धान तथा प्रशिक्षण कार्यक्रम सञ्चालनको लागि एउटा छुट्टै संस्थाको आवश्यकता भएकाले यो ग्राजुयट स्कूल अफ एजुकेशन (Graduate School of Education) को स्थापना गरिएको छ ।

२.२. यस ‘ग्राजुयट स्कूल’ संकायको एउटा मुख्य कार्यक्रमको रुपमा रहनेछ ।

२.३. ग्राजुयट स्कूल नाफा कमाउने उद्देश्यले नभै शिक्षाको क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने उच्चस्तरीय सेवामूलक संस्थाको रुपमा संचालनहुनेछ ।

२.४. स्कुल एक अविछिन्न उत्तराधिकारवाला व्यवस्थापन तथा संचालन समितिद्वारा सञ्चालित संस्था हुनेछ ।

२.५. यस स्कुलको आफ्नो छुट्टै छाप र लोगो हुनेछ ।

## परिच्छेद ३

## स्कुल व्यवस्थापन तथा संचालन समिति (Governing Board) को गठन

### ३.१ ग्राजुयटस्कुलको व्यवस्थापन तथा संचालन समितिको गठन

ग्राजुयटस्कुल व्यवस्थापन समिति नौ सदस्यीय हुनेछ । यसको गठन निम्नानुसार हुनेछ :

- डीन — अध्यक्ष
- सहायक डीन मध्येबाट एकजना — सदस्य
- शिक्षाशास्त्र केन्द्रीय विभाग प्रमुख — सदस्य
- खुला तथा दूर शिक्षा केन्द्रको निर्देशक — सदस्य
- शैक्षिक कार्यक्रमको एम. फिल. तथा विद्यावारिधि कार्यक्रमा सहभागी प्राध्यापकमध्ये डीनबाट मनोनित १ जना — सदस्य
- डीनको सिफारिसमा शिक्षाध्यक्षबाट मनोनित प्राध्यापक १ जना — सदस्य
- विद्यावारिधि गरेको र शिक्षामन्त्रालयमा कार्यरत विज्ञहरुबाट एक जना — सदस्य
- शिक्षाशास्त्र सङ्कायका प्रशासन हेर्ने अधिकृत स्तरको कर्मचारीमध्ये १ जना — सदस्य
- ग्राजुयटस्कुल निर्देशक — सदस्य-सचिव

### ३.२ ग्राजुयटस्कुल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

(क) एम. फिल. तथा विद्यावारिधि कार्यक्रमको नीति, नियम तथा शैक्षिक कार्यक्रम तर्जुमा गरी बजेट तयार गर्ने,

(ख) शैक्षिक कार्यक्रमको गुणस्तर कायम राख्न अनुगमन तथा आवश्यक प्रबन्ध गर्ने,

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्ने,

(घ) शैक्षिक, प्रशासनिक र आर्थिक व्यवस्थापनसम्बन्धी निर्णयहरूको कार्यान्वयको लागि डीन कार्यालयमा सिफारिस गर्ने र

(ङ) ग्राजुयटस्कुल निर्देशकलाई आवश्यक निर्देशन दिने ।

## परिच्छेद ४

## ग्राजुयट स्कुल निर्देशक तथा सह-निर्देशकको व्यवस्था

### ४.१ ग्राजुयटस्कुल निर्देशकको नियुक्ति

(क) एम.फिल., विद्यावारिधि तथा पोष्टडक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नका लागि ग्राजुयटस्कुलमा एक जना पूर्णकालीन निर्देशक रहनेछ ।

त्रिभुवन विश्वविद्यालय

(ख) सम्बन्धित सङ्कायमा पन्ध्र वर्षदेखि स्थायी सेवामा कार्यरत प्राध्यापक वा विद्यावारिधि गरेका सह-प्राध्यापकहरु मध्येबाट सङ्काय डीनले एक जनालाई ग्राजुयटस्कुलको निर्देशक नियुक्त गर्नेछ । यसको जानकारी शिक्षाध्यक्षलाई गराइनेछ ।

(ग) डीनले आवश्यक ठानेमा पुनः एकपटक नियुक्ति गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) निर्देशकको पदावधि ४ वर्षको हुनेछ ।

(ङ) निर्देशक यस कार्यक्रमको पूर्णकालीन आधिकारिक व्यक्ति हुनेछ ।

### ४.२. निर्देशकको काम कर्तव्य र अधिकार

(क) कार्यक्रमको शैक्षिक, प्रशासनिक तथा आर्थिक कार्य सञ्चालन गर्ने ।

(ख) यस कार्यक्रमको पठन पाठन सम्बन्धी तालिका बनाई दैनिक अध्ययन अध्यापन गर्ने गराउने ।

(ग) प्रत्येक वर्ष डीन कार्यालयसँग समन्वय राखी विद्यार्थी भर्ना लिने र परीक्षा सञ्चालन गर्ने ।

(घ) एम. फिल. पाठ्यांश कार्यक्रम सञ्चालन गर्नका लागि केन्द्रीय विभागमा कार्यरत शिक्षक/प्राध्यापकहरू तथा आवश्यकताअनुसार अन्य क्याम्पस तथा संस्थामा कार्यरत विज्ञहरु तथा निवृत्त प्राध्यापकहरूबाट आवश्यक शिक्षकहरूको व्यवस्था तथा आंशिक शिक्षक नियुक्त गर्ने ।

(ङ) शिक्षाशास्त्र सङ्काय परीक्षा नियन्त्रण महाशाखाको संयोजनमा परीक्षा तथा तत्सम्बन्धी कार्य गर्ने ।

(च) अनुसन्धान समितिसँग समन्वय गरी एम. फिल. तथा विद्यावारिधि कार्यक्रमअन्तर्गतको सेमिनार, गोष्ठी तथा शोधपत्रको पूर्व मौखिक परीक्षा (Pre-viva) तथा अन्तिम मौखिक परीक्षा सञ्चालन गर्ने ।

(छ) कार्यक्रम मातहतका सम्पत्तिको सम्भार र सुरक्षा गर्ने ।

(ज) त्रि.वि. तथा सम्बन्धित निकायहरूले दिएका निर्देशनको पालना गर्ने गराउने ।

(झ) वार्षिक प्रतिवेदन तयार गरी एम. फिल., विद्यावारिधि तथा पोष्टडक कार्यक्रम व्यवस्थापन समितिमा पेस गर्ने ।

(ञ) ग्राजुएट स्कूल अफ एजुकेशनको दैनिक कार्य सुचारु रुपले सञ्चालन गर्न मसलन्द, मर्मत सम्भार, पुस्तक, पत्रपत्रिका खरिद आदिका लागि अधिकतम मासिक ३०,०००/- नियमानुसार पेश्की लिएर निर्देशकले खर्च गर्न पाइनेछ । सामान खरिद गर्दा डीन कार्यालय वा केन्द्रीय शिक्षा विभागमा सूचिकृत फर्मबाट गर्न सकिनेछ ।

(ट) निर्देशकले पाउने बिदा तथा सुबिधा नियुक्तीपत्रमा उल्लेख गरे बमोजिम हुनेछ ।

### ४.३ ग्राजुयटस्कुल सह-निर्देशकको नियुक्ति

(क) एम. फिल. तथा विद्यावारिधि कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यकता हेरी ग्राजुयटस्कुलमा एक जना पूर्णकालीन सह-निर्देशक रहनेछ ।

त्रिभुवन विश्वविद्यालय

(ख) सम्बन्धित सङ्कायमा दश वर्षदेखि स्थायी सेवामा कार्यरत प्राध्यापक वा विद्यावारिधि गरेका सह-प्राध्यापकहरु मध्येबाट सङ्काय डीनकले एक जनालाई ग्राजुयटस्कुलको सह-निर्देशक नियुक्त गर्नेछ । यसको जानकारी शिक्षाध्यक्षलाई गराइनेछ ।

(ग) डीनले आवश्यक ठानेमा पुनः एकपटक नियुक्ति गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) सह-निर्देशकको पदावधि ४ वर्षको हुनेछ ।

(ङ) सह-निर्देशक यस कार्यक्रमको पूर्णकालीन आधिकारिक व्यक्ति हुनेछ ।

## ४.४ सह-निर्देशकको काम कर्तव्य र अधिकार

निर्देशकको मातहतमा रही निम्नानुसारको काम गर्नु पर्नेछ :

(क) एम. फिल. पाठ्यांश कार्यक्रमको दैनिक अध्ययन अध्यापन गर्ने गराउने ।

(ख) एम. फिल. कार्यक्रमको शैक्षिक तथा प्रशासनिक कार्यको सम्पूर्ण जिम्मवारी हुनेछ ।

(ग) शिक्षाशास्त्र सङ्काय परीक्षा नियन्त्रण महाशाखाको संयोजनमा एम. फिल.को परीक्षा सञ्चालन गर्ने ।

(घ) आवश्यक शिक्षकहरूको व्यवस्था तथा आंशिक शिक्षकको नियुक्त गर्नका लागी स्कुल निर्देशकलाई  सिफारिस गर्ने ।

(ङ) विद्यावारिधि कार्यक्रम सञ्चालनमा आवश्यक सहयोग गर्ने ।

(च) सह-निर्देशकले पाउने बिदा तथा सुबिधा नियुक्तीपत्रमा उल्लेख गरे बमोजिम हुनेछ ।

# परिच्छेद ५

# पाठयांश संयोजक, प्राध्यापक तथा कर्मचारीहरूको व्यवस्था

## ५.१ एम. फिल. कार्यक्रम विशिष्टिकरण विषय पाठयांश संयोजकको नियुक्ति

(क) सम्बन्धित विषय समितिको अध्यक्षले दिएको रायको आधारमा निर्देशकको सिफारिसमा प्राध्यापक/शिक्षकबाट विषय विशिष्टिकरण पाठ्यांश संयोजक डीनले नियुक्ति गर्नेछ ।

## ५.२ पाठयाशं संयोजकको काम

(क) सम्बन्धित विशिष्टिकरण विषयको पाठ्यक्रम निर्माण, पुनरावलोकन, सुधार तथा पठन पाठनमा संलग्न रहन सक्ने प्राध्यापक/शिक्षकको नाम सिफारिस र व्यवस्थापन गर्न सहयोग गर्ने ।

(ख) ग्राजुयटस्कूल र सम्बन्धित बिषय समिति बिच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

## ५.३ प्राध्यापक तथा कर्मचारीको व्यवस्था

(क) विद्यावारिधि गरेका, शिक्षाशास्त्र केन्द्रीय विभाग, अन्य क्याम्पसहरु तथा संस्थामा कार्यरत तथा निवृत प्राध्यापक, अनुसन्धानमा दखल भएका विज्ञहरु यस कार्यक्रमका लागि

शिक्षक/प्राध्यापक हुनेछन् । आवश्यकता र औचित्यको आधारमा ग्राजुयटस्कुलका लागि केन्द्रीय विभाग तथा अन्य क्याम्पसहरुमा कार्यरत शिक्षक/प्राध्यापकहरुलाई खटाउने व्यवस्था त्रि.वि.को नियमानुसार हुनेछ ।

(ख) डीन कार्यालयसंगको समन्वयमा निर्देशकले आंशिक शिक्षकको नियुक्ति गर्नेछ ।

(ग) स्थायी शिक्षकहरूको व्यवस्था त्रि.वि.को नियमानुसार गरिनेछ ।

(घ) आवश्यक कर्मचारीहरूको व्यवस्था त्रि.वि.को नियमानुसार डीन कार्यालयले गर्नेछ ।

(ङ) आंशिक कर्मचारीका रूपमा काममा लगाउनु परेमा व्यवस्थापन समितिको सिफारिसमा डीनले नियुक्ति गर्नेछ र सोको जानकारी कार्यकारी परिषद्लाई दिनु पर्नेछ ।

(च) कर्मचारीहरूलाई थप कार्य गरेबापत थप पारिश्रमिक दिनु परेमा व्यवस्थापन समितिसँग राय लिई डीनले स्वीकृतिका लागि कार्यकारी परिषद्मा सिफारिस गर्नु पर्नेछ ।

## परिच्छेद ६

## कार्यक्रमको ढाँचा, समयावधि तथा शिक्षण सिकाई

६.१ कार्यक्रमको ढाँचा, समयावधि तथा शिक्षण सिकाई अन्तर्गत शिक्षाशास्त्र र विशिष्टीकरण विषयमा एम. फिल. र विद्यावारिधि उपाधि प्रदान गर्ने गरी प्राज्ञिक परिषदले स्वीकृत गरेका कार्यक्रम ढाँचा अनुरुप ग्राजुयटस्कुलले कार्यक्रम सञ्चालन गर्ने छ । विशिष्टीकरण विषय भन्नाले शिक्षाशास्त्र सङ्कायअन्तर्गतका अध्यापन हुने विषयहरू जस्तै शैक्षिक योजना तथा व्यवस्थापन, पाठ्यक्रम तथा मूल्याङ्कन, अङ्ग्रेजी शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य शिक्षा, शारीरिक शिक्षा, जनसङ्ख्या शिक्षा, विज्ञान शिक्षा, गणित शिक्षा, अर्थशास्त्र शिक्षा, इतिहास शिक्षा, भूगोल शिक्षा, राजनीतिशास्त्र शिक्षा,सामाजिक शिक्षा लगायत त्रि.वि. प्राज्ञिक परिषद्ले स्वीकृत गरेका विषयलाई जनाउने छ ।

६.२ एम. फिल. तथा विद्यावारिधि कार्यक्रम सेमेस्टर प्रणालीमा तथा एम.फिल. कार्यक्रम आंशिककालिन कार्यक्रमका रुपमा पनि सञ्चालन हुनेछ । एम. फिल. पुर्णकालिन कार्यक्रमको समयावधि तिन सेमेस्टरको हुनेछ भने विद्यावारिधिको अवधि न्यूनतम ४ सेमेस्टर र बढीमा ८ सेमेस्टरसम्मको हुनेछ । एम.फिल. आंशिककालिन कार्यक्रम ३० महिना (साढे दुइ वर्ष[1]) को हुनेछ ।

६.३ एम. फिल.को पाठ्यांश कार्य (Course Work) को पाठ्यभार र संरचना प्राज्ञिक परिषद्द्वारा तोकिए बमोजिम हुनेछ । हाललाई न्यूनतम दुई सेमेस्टरमा २४ क्रेडिट आवरको पाठ्यांश कार्य हुनेछ । अन्य सङ्कायबाट स्नातकोत्तर तह उत्तीर्ण विद्यार्थीहरूले ३ क्रेडिट आवर शिक्षाशास्त्रसँग सम्बन्धित अतिरिक्त पाठ्यांश अध्ययन गर्नु पर्नेछ । क्रेडिट ट्रान्सफर हुने गरी यो कार्य खुला तथा दूर सिकाइ माध्यमबाट पनि तत्सम्बन्धी निर्देशिका अनुसार सञ्चालन गर्न सकिनेछ । यसको संरचना अनुसूची १ मा राखिएको छ । एम.फिल. आंशिककालिन कार्यक्रम पनि २४ क्रेडिट आवर र थेसिस कार्यको हुनेछ ।

[1]=विश्वविद्यालय अनुदान आयोगको एम.फिल. उपाधिको लागि न्यूनतम् मापदण्ड तथा कार्यविधि, २०७३ अनुसार ।

त्रिभुवन विश्वविद्यालय

विद्यावारिधिमा नाम दर्ता हुनु अगावै एम. फिल.को पहिलो र दोस्रो सेमेस्टरमा पाठ्यांश कार्य पुरा गरेको हुनु पर्नेछ। एम. फिल. उत्तीर्ण गरी विद्यावारिधिमा भर्ना भएकाहरूले विशिष्टीकरण विषयमा उपाधि आर्जन गर्न चाहेको खण्डमा शिक्षाशास्त्रमा एम. फिल. उत्तीर्ण गरेकाले पनि सम्बन्धित विषयको तोकिएको पाठ्यांश कार्यक्रममा सहभागी हुनु पर्नेछ।

६.४ एम. फिल.को शोधकार्य (Research Work): पाठ्याश कार्यक्रममा भर्ना भई २४ क्रेडिट आवरको पाठ्यांशमा 'बि' वा सोभन्दा माथिको ग्रेडमा उत्तीर्ण गरेकाले पनि एम. फिल.को उपाधि लिन चाहेमा तेस्रो सेमेस्टरमा एम. फिल.को शोधप्रबन्ध तयार गर्न पाउनेछ। पाठ्यांश कार्यक्रममा भर्ना भई २४ क्रेडिट आवरको पाठ्यांशमा 'बि' ग्रेडभन्दा तल प्राप्त गरेमा अनिवार्य रूपमा एम. फिल.को शोधकार्य पुरा गर्नु पर्नेछ। तेस्रो सेमेस्टरको अन्तसम्ममा पनि शोधप्रबन्ध तयार गर्न नसकेको खण्डमा एम. फिल.को भर्ना भएको मितिले ३ वर्षभित्र शोधप्रबन्ध पेस गर्नु पर्नेछ।

६.५ विद्यावारिधि अनुसन्धान कार्य (Ph. D. Research Work): एम. फिल. उत्तीर्ण गरी विद्यावारिधिमा भर्ना भएकाहरूले कार्यक्रममा भर्ना भए लगत्तै शोधनिर्देशको निर्देशनमा विद्यावारिधि अध्ययन अनुसन्धान कार्य गर्नु पर्दछ। एम. फिल.को उपाधि हासिल नगरी लगातार विद्यावारिधि गर्न चाहेमा पाठ्यांशको परीक्षामा न्यूनतम 'बि' ग्रेड प्राप्त गरेको शोधार्थीले विद्यावारिधिमा नाम दर्ता गरी शोधनिर्देशकको निर्देशनमा अनुसन्धान कार्य अगाडि बढाउन पाउनेछ।

६.६ अस्थायी दर्ता भएको मितिले दुई वर्ष (चार सेमस्टर) पुरा भएपछि कुनै पनि समयमा विद्यावीरधि उपाधिका लागि शोधप्रबन्ध बुझाउन सक्नेछ। ४ वर्ष (८ सेमेस्टर) भित्र पनि शोधप्रबन्ध पेस गर्न नसकेको खण्डमा शोधनिर्देशकको सिफारिसमा एक वर्ष समय थप गर्न सकिनेछ। यदि थप समयावधि भित्र पनि शोधप्रबन्ध बुझाउन नसकेमा स्थायी नाम दर्ता रद्द गरिनेछ।

६.७ स्थायी नाम दर्ता रद्द भएको अवस्थामा शोधार्थीले फेरि नयाँ प्रक्रिया सुरू गरी नाम दर्ता गराउन सक्नेछन्। यसरी पुनः नाम दर्ता गराएका शोधार्थीको अनुसन्धानको विषय र शीर्षक भिन्न नभएमा निजले पाठ्यांश कार्यमा भाग लिनुपर्ने छैन। पुनः नाम दर्ता भएको एक वर्ष पुरा गरेपछि शोधप्रबन्ध तयार पारेर मूल्याङ्कनका लागि अनुसन्धान समितिमा बुझाउन सक्नेछ।

६.८ नियमित रूपमा कक्षामा उपस्थित हुन नसक्नेहरूलाई पाठ्यांश कार्य खुला तथा दूर सिकाइका माध्यमबाट त्रिभुवन विश्वविद्यालयको खुला तथा दूर शिक्षा केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ।

एम. फिल. पाठ्यांश कार्यक्रमको आवश्यकता र औचित्य हेरी एम. फिल. पाठ्यांश कार्यक्रम आंशिककालिन आंशिक अवधिमा पनि सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ।

६.९ अन्य सङ्काय वा विश्वविद्यालयमा एम. फिल. सरहको पाठ्यांश कार्यक्रममा सहभागी भएकाहरूको क्रेडिट एम. फिल.को कार्यक्रममा ट्रान्सफर गर्न सकिनेछ।

६.१० विद्यार्थीहरूले अध्ययन अवधिभर तोकिएको शैक्षिक क्रियाकलापमा नियमित रूपमा उपस्थित हुनाका साथै सक्रिय भाग लिनु पर्नेछ।

६.११ एम. फिल. तथा विद्यावारिधिको अध्ययन अनुसन्धान कार्यक्रम स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा अनुसन्धान संस्थानसँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ।

६.१२ एम. फिल. तथा विद्यावारिधिका विद्यार्थी/शोधार्थीहरूलाई उपयोगी हुन सक्ने अध्ययन, अनुसन्धान, तालिम, कार्यशाला, गोष्ठी, सेमिनार, जर्नल प्रकाशनसम्बन्धी क्रियाकलापहरू आन्तरिक तथा बाह्य स्रोत जुटाएर गर्न सकिनेछ । यसमा त्रि.वि. अुसन्धान/शैक्षिक विकास परियोजना व्यवस्थापन कार्यविधी २०७२ अनुसार गर्नुपर्नेछ ।

## परिच्छेद ७

## एम. फिल. तथा विद्यावारिधि कार्यक्रम

### ७.१ कार्यक्रम

ग्राजुयट स्कुलबाट एम.फिल. (पूर्णकालीन तथा आंशिककालिन कार्यक्रम), विद्यावारिधि तथा पोष्ट-डक कार्यक्रमहरु संचालन हुनेछन् । एम.फिल. पूर्णकालिन कार्यक्रम सेमेष्टरमा (६/६ महिना) र एम.फिल. आंशिककालिन कार्यक्रम वार्षिक रुपमा संचालन हुनेछन् ।

एम.फिल. पूर्णकालिन कार्यक्रम समेष्टर प्रणालीमा संचालन हुनेछ । यसमा विद्यार्थीको न्यूनतम ८०% उपस्थिति हुनुपर्नेछ ।

### ७.२ एम.फिल. आंशिककालिन कार्यक्रम

(क) एम.फिल. आंशिककालीन कार्यक्रमका लागि भर्ना योग्यता, पाठ्यक्रम र परीक्षा संचालन एम.फिल. पूर्णकालीन कार्यक्रममा व्यवस्था भए अनुसारनै हुनेछ ।

(ख) एम.फिल. आंशिककालीन कार्यक्रम ३० महिनाको हुनेछ जसमा पहिलो बर्षमा १२ क्रेडिट आवर (शिक्षा शास्त्र वाहेकका विद्यार्थीका निम्ति थप ३ क्रेडिट आवरको एक नन्-क्रेडिट पाठ्यांश) र दोश्रो बर्षमा १२ क्रेडिट आवर बराबरको पाठ्यांश कार्य (Coursework) पूरा गर्नु पर्नेछ । शोधकार्य ६ महिनाको हुनेछ र शोधकार्य पूर्णकालीन कार्यक्रमको रुपमा पूरा गरेको हुनु पर्नेछ ।

(ग) एम.फिल. आंशिककालीन मिश्रित मोडलमा (Blended mode) संचालन हुनेछ जसमा कम्तीमा एक तिहाई पाठ्यांश कार्य प्रत्यक्ष संलग्नतामा (Face to Face) पूरा गरिनेछ । बाँकि पाठ्यांश कार्य खुला तथा दूर शिक्षा माध्यमबाट संचालन गरिनेछ ।

(घ) प्रत्यक्ष संलग्नतामा हुने पाठ्यांश कार्य ग्राजुएट स्कूलले संचालन गरेका कार्यशाला, सेमिनार तथा अन्य कार्यक्रममा विद्यार्थीको उपस्थिती अनिवार्य हुनेछ । यस्ता अनिवार्य गरिएका कार्यक्रममा विद्यार्थीको ८० प्रतिशत हाजिरी अनिवार्य हुनेछ । ८० प्रतिशत हाजिरी नपुगेका विद्यार्थीले अन्तिम परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(ङ) एम.फिल. आंशिककालीन विद्यार्थीलाई पाठ्यांश कार्य व्यक्तिगत, जोडी वा समूहगत रुपमा शिक्षकबाट संचालन हुनेछ जसको अभिलेख राखिने व्यवस्था हुनेछ । यसरी गरिएको कार्यबाट आवश्यक क्रेडिट आवरको अध्ययन अध्यापन भएको सुनिश्चीत हुनुपर्नेछ

(च) एम.फिल. आंशिककालीन विद्यार्थीको पठन पाठन आवश्यक क्रेडिट आवर नपुगेको वा अनिवार्य उपस्थिती गरिएको हाजिरी ८० प्रतिशत नपुगेको अवस्थामा त्यस्ता विद्यार्थीको पाठ्यांश कार्यलाई पुनः परीक्षाको (Back Paper) रुपमा लिईनेछ । आवश्यक क्रेडिट आवर कार्य तथा अपुग हाजिरी पूरा गरे पछि मात्र पुनः परीक्षामा सहभागी गराइनेछ ।

त्रिभुवन विश्वविद्यालय

(छ) पुनः परीक्षा भएको अवस्थामा पुनः परीक्षाको समय सहित गरेर एम.फिल. आंशिककालीन विद्यार्थीले भर्ना भएको मितिले ४ बर्ष भित्र एम.फिल. पूरा गरेको हुनु पर्नेछ । ३० महिनाको अवधि सकिएपछि एम.फिल. पाठ्यांशहरु पूरा गर्न नसकेमा ६/६ महिना गरी ३ पटकसम्म पुनः भर्ना हुन मौका दिइनेछ ।

(ज) पुनः परीक्षामा समावेश हुने विद्यार्थीले नियमानुसार विलम्व शुल्क तिरी परीक्षामा सामेल हुन निवेदन दिनुपर्नेछ ।

(झ) एम.फिल. पूर्णकालिन कार्यक्रमबाट एम.फिल. आंशिककालिन कार्यक्रममा तथा आंशिककालिनबाट पूर्णकालिन आउन क्रेडिट ट्रान्सफरको व्यवस्था गरिनेछ ।

(ञ) एम.फिल. आंशिककालिनमा भर्ना भएका विद्यार्थीले पूर्णकालिन कार्यक्रममा सञ्चालित विशिष्टकरण विषयमा अध्ययन गर्न चाहेमा पूर्णकालिन विद्यार्थीको रुपमा विशिष्टकरण विषय अध्ययन गर्ने व्यवस्था मिलाईने छ ।

(ट) एम.फिल. आंशिककालीन कार्यक्रमका लागि विद्यार्थी कोटा ग्राजुएट स्कूल अफ एजुकेशनको व्यवस्थापन समितिले निर्धारण गर्नेछ। त्यसमध्ये एक तिहाई कोटा त्रिभुवन विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा अध्यापन गर्ने शिक्षकहरुका लागि छुट्टयाइनेछ । छनौट हुन न्यूनतम् योग्यता तथा प्रबेष परीक्षा उतिर्ण गरेको हुनुपर्नेछ ।

(ठ) आगन्तुक प्राध्यापक वा विशेषज्ञहरुको आवश्यकता अनुसार व्यबस्था गर्न सकिनेछ । यस्तो व्यबस्था अन्तर्गत प्रति पाठ्यांशमा बढिमा ९ घण्टा संलग्न गराउन सकिनेछ ।

(ड) प्रत्यक्ष संलग्नतामा चलाइने सत्रहरु एक बर्षमा ३ पटक सम्म आयोजना गरिनेछ । यस्तो आयोजना विद्यार्थीहरुको सुविधालाई ध्यानमा राखेर काठमाडौ लगाएत अन्य स्थानमा पनि गर्न सकिनेछ ।

(ढ) भविष्यमा एम.फिल. कार्यक्रम काठमाडौ उपत्यका बाहिरबाट पनि संचालन हुन सक्नेगरी इच्छुक र श्रोतयुक्त क्याम्पसलाई एम.फिल. आंशिककालीन कार्यक्रममा सहभागी गराउदै उनीहरुको क्षमता अभिवृद्धि पनि गरिनेछ ।

**७.३ भर्ना प्रक्रिया**

एम. फिल. तथा विद्यावारिधि कार्यक्रममा अध्ययन गर्न वर्षको दुई पटकसम्म डीन कार्यालयले भर्नासम्बन्धी सूचना प्रकाशित गर्न सक्नेछ । एम. फिल. विद्यावारिधि एकिकृत कार्यक्रममा भर्ना भएका लागि एम. फिल. दोश्रो सेमेष्टर समाप्त भएको लगतै विद्यावारिधिका लागि आवेदन खोल्न सकिनेछ ।

(क) एकीकृत एम. फिल.- विद्यावारिधि (M. Phil. leading to Ph. D.) मा भर्ना हुनका लागि योग्यता :

एम. फिल.भर्नाका लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरूले आवेदन दिन सक्नेछन् :

अ) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका वा सो सरह ग्रेड प्वाइन्ट प्राप्त गरेका,

वा

आ) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र बाहेकका कुनै पनि विषयमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण वा सो सरह ग्रेड प्वाइन्ट प्राप्त गरी शिक्षण वा अनुसन्धान क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेका ।

ई) विषय विशिष्टिकरणमा योग्य हुनका लागि सम्बन्धित विषय समितिले तोकेको योग्यता पनि पूरा गरेको हुनुपर्नेछ । त्यस्तो योग्यता सम्बन्धित विशिष्टिकरण विषय समितिको सिफारिसमा विद्या परिषद्‌बाट स्वीकृत भइ लागु हुनेछ । (विषय विशिष्टिकरणका योग्यता अनुसूचि २ मा दिइएको छ ।)

ख) विद्यावारिधि (Ph. D.) मा भर्ना हुनका लागि योग्यता :

विद्यावारिधिमा भर्नाका लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरूले आवेदन दिन सक्नेछन् :

अ) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा एम. फिल. उत्तीर्ण गरेका

वा

आ) कुनै पनि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी शिक्षामा एम. फिल. को पाठ्यांश वा सो सरहको डिग्रीको दुई सेमेस्टरमा न्यूनतम २४ क्रेडिट आवर पाठ्यांश न्यूनतम 'बि' ग्रेड वा सो सरह ग्रेड प्वाइन्टमा पुरा गरेका ।

वा

इ) एम.एड. गरी अन्य कुनै पनि सङ्कायबाट एम.फिल. गरेको ।

वा

ई) कुनै पनि विषयमा स्नोतकोत्तर गरी अन्य सङ्कायबाट एम.फिल.गरेका, तर शिक्षाशास्त्र संकायमा कार्यरत शिक्षक ।

वा

उ) कुनै पनि अन्य सङ्कायबाट विद्यावारिधि गरेका ।

(ग) भर्नाका लागि निवेदकले तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ । आवेदन फाराम डीन कार्यालयबाट उपलब्ध हुनेछ ।

(घ) यस कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थीहरूले शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले सञ्चालन गर्ने प्रवेश परीक्षामा उत्तीर्ण हुनु पर्नेछ ।

(ङ) यस कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थीहरूले आवेदन फाराम साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरूका सम्बन्धमा सूचनामार्फत जानकारी गराइनेछ ।

## ७.४ एम. फिल. तथा विद्यावारिधि कार्यक्रममा दर्ता

### ७.४.१ एम. फिल.मा नाम दर्ता

शिक्षाशास्त्र सङ्काय डीनको कार्यालयले स्नातकोत्तर तह उत्तीर्ण गरेकाहरूलाई एकीकृत एम. फिल.-पिएच.डी.मा भर्ना लिनका लागि सञ्चालन गरेको प्रवेश परीक्षामा उत्तीर्ण भएका र

त्रिभुवन विश्वविद्यालय

मेरिटको आधारमा छनोटमा परेका विद्यार्थीहरूले डीनको कार्यालयले निर्धारण गरेको शुल्क बुझाएर एम. फिल.कार्यक्रममा नाम दर्ता गर्नु पर्दछ ।

### ७.४.२ विद्यावारिधि कार्यक्रममा अस्थायी नाम दर्ता

(क) एम. फिल. उत्तीर्ण गरेकाहरूका सम्बन्धमा विद्यावारिधि भर्नाको छनोट प्रक्रिया पुरा गरी कार्यक्रममा भर्ना भएको मितिदेखि नै विद्यावारिधिमा अस्थायी नाम दर्ता भएको मानिनेछ ।

(ख) एम. फिल.को पाठ्यांश कार्यक्रममा भर्ना भएर अध्ययन गरेकाहरूले एम. फिल.को उपाधि हासिल नगरी लगातार विद्यावारिधि गर्न चाहेमा निर्धारित पाठ्यांशको परीक्षामा न्यूनतम 'बि' ग्रेडमा उत्तीर्ण गरी छनौट भएको मितिदेखि नै शुल्क बुझाई विद्यावारिधि कार्यक्रममा अस्थायी नाम दर्ता गर्न पाउनेछन् ।

(ग) अस्थायी नाम दर्ता भएपछि शोधार्थीले अनुसन्धान गर्न चाहेको शीर्षकसँग सम्बन्धित साहित्य पुनरावलोकन/समीक्षा गर्नाका साथै विस्तृत अनुसन्धान प्रस्ताव तयार गर्नु पर्नेछ ।

### ७.४.३ विद्यावारिधिमा स्थायी नाम दर्ता

अस्थायी नाम दर्ता भएको मितिले एक वर्षभित्र स्थायी नाम दर्ता गरिसक्नु पर्दछ । यसका लागि निम्न आवश्यकता पुरा गरेको हुनुपर्दछ :

(क) अस्थायी नाम दर्ता भएपछि कम्तीमा २ क्रेडिट आवर सेमिनार कार्य तथा सेमिनार पेपर प्रस्तुत गर्नु पर्नेछ,

(ख) सम्बन्धित विषयको सैद्धान्तिक तथा पूर्वकार्यको पुनरावलोकन गरी कम्तीमा १०,००० र बढीमा ३०,००० शब्दको समीक्षा प्रतिवेदन तयारी गरी पेस गर्नु पर्नेछ,

(ग) शोधनिर्देशकको निर्देशनमा रही विद्यावारिधि शोधकार्यका विद्यावारिधि अध्ययन योजना (Ph. D. Study Plan)सहित विस्तृत प्रस्तावना स्वीकृत भएको हुनुपर्ने छ ।

### ७.५ शोधार्थीको उपस्थिति

(क) डीनको कार्यालय वा ग्राजुयटस्कुलले सञ्चालन गरेका पाठ्यांश कार्य तथा कार्यशाला गोष्ठीमा उपस्थितिको अभिलेख राखिनेछ । यस प्रकारको कार्यमा कम्तीमा ८० प्रतिशत हाजिरी हुनुपर्नेछ । खुला तथा दूर सिकाइ वा आंशिककालिन कार्यक्रम अन्तर्गत अध्ययन गर्ने शोधार्थीहरूले तत्सम्बन्धी निर्देशिकाअनुसार उपस्थिति पुऱ्याउनु पर्नेछ ।

### ७.६ प्रगति विवरण तथा दर्ता

(क) स्थायी नाम दर्ता भएपछि प्रत्येक सेमेष्टर (६/६ महिना) को अन्त्यमा आफूले गरेको शोधकार्यको विस्तृत विवरण, शोधनिर्देशकको लिखित मन्तव्य सहित ग्राजुयट स्कूल, डीन कार्यालयले तयार पारेको ढाँचामा प्रगति विवरण ग्राजुयट स्कूलमा बुझाउनु पर्नेछ । सो बुझाउन नसके जायज कारण देखाई निवदेन दिएमा एक महिनाको समय थप दिन सकिने छ ।

(ख) नाम दर्ता (अस्थायी वा स्थायी दर्ता) भएपछि प्रगति विवरण सहित प्रत्येक सेमेस्टरको सुरुमा निर्धारित शुल्क बुझाएर दिइएको समयावधिभित्र दर्ता गरिसक्नु पर्नेछ ।

## परिच्छेद ८

## परीक्षासम्बन्धी व्यवस्था

८.१ प्रवेश परीक्षा तथा पाठ्यांश कार्यको अन्तिम परीक्षा सञ्चालन र तत्सम्बन्धी सम्पूर्ण कार्य परीक्षा महाशाखा डीन कार्यालयको संयोजकत्वमा ग्राजुयटस्कुलबाट सञ्चालन हुनेछ ।

८.२ एम. फिल. पूर्णकालीन तथा आंशिककालिन कार्यक्रमका आन्तरिक परीक्षा र शोधप्रबन्धको बाह्य तथा मौखिक परीक्षाको सञ्चालन र व्यवस्था ग्राजुयटस्कुल निर्देशकले गर्नेछ ।

## परिच्छेद ९

## एम. फिल. शोधपत्र सुपरिवेक्षण र मूल्याङ्कन समिति

९ डीन कार्यालय अन्तर्गत गठन भएको अनुसन्धान समितिले एम. फिल. कार्यक्रमको नीति, कार्यक्रम निर्माण तथा परिमार्जन, अनुसन्धानको प्रस्तावना स्वीकृति र शोधप्रबन्धको आन्तरिक तथा अन्तिम मूल्याङ्कन तथा मौखिक परीक्षाको व्यवस्थापन गर्नेछ। यसको मातहतमा दुई प्रकारका समितिहरु गठन गरिनेछ ।

### ९.१ एम. फिल. शोधपत्र सुपरिवेक्षण समिति

ग्राजुयटस्कुल अफ एजुकेशनले शोधार्थीको अनुसन्धान शीर्षक तथा विषयलाई दृष्टिगत गरी एम.फिल कार्यक्रममा संलग्न सम्बन्धित विषयका प्राध्यापक तथा विज्ञहरू समावेश गरी तीन देखी पाँच सदस्यीय एम. फिल. सुपरिवेक्षण समिति गठन गरिनेछ। यो समितिले प्रत्येक शोधार्थीको अनुसन्धान कार्यमा सहयोग र निर्देशन गर्ने काम गर्नेछ। यस बाहेक सुपरिवेक्षण समितिले निम्नानुसारको काम गर्ने छ :

(क) एम. फिल.सँग सम्बन्धित सेमिनार, कार्यपत्र प्रस्तुति, प्रगतिको मूल्याङ्कन, शोधप्रबन्धको आन्तरिक मूल्याङ्कन तथा पूर्व प्रस्तुतीकरण गराउने ।

(ख) पाठ्यांशकार्यको परीक्षाको नतिजा, शोधार्थीको प्रगतिको मूल्याङ्कन र शोधप्रबन्धको आन्तरिक मूल्याङ्कनको विवरण ग्राजुयटस्कुल तथा अनुसन्धान समितिमा पेश गर्न सिफारिस गर्ने ।

### ९.२ एम. फिल. शोधपत्र मूल्याङ्कन समितिमा निम्नलिखित सदस्यहरु रहनेछन् :

| | |
|---|---|
| १) डीन वा डीनले तोकेको प्रतिनिधि, शिक्षाशास्त्र संकाय | अध्यक्ष |
| २) सम्बन्धित विषय समितिका अध्यक्ष वा विज्ञ | सदस्य |
| ३) सम्बन्धित विषय विज्ञ (शोधनिर्देशक) | सदस्य |
| ४) बाह्य परीक्षक | सदस्य |
| ५) ग्राजुयटस्कूल निर्देशक | सदस्य सचिव |

**९.३** विद्यावारिधि अनुसन्धान समितिको हकमा त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धि नियम (२०६९/१२/२३ सम्मको संशोधन) अनुसार हुनेछ ।

## परिच्छेद १०

## शोधनिर्देशको व्यवस्था

### १०.१ एम. फिल. तथा विद्यावारिधि शोधकार्यको निर्देशक हुनाका लागि योग्यता

(क) शोधार्थीले विद्यावारिधि गर्न चाहेको विषयक्षेत्रमा विद्यावारिधि गरेको वा विज्ञ,

(ख) यस शिक्षाशास्त्र सङ्कायमा प्राध्यापक वा विद्यावारिधि गरेका सहप्राध्यापक पदमा कार्यरत वा प्राध्यापक पदबाट निवृत्त भएका व्यक्ति,

(ग) शोध सहनिर्देशक आवश्यक भएमा विद्यावारिधि गरेका अन्य सङ्कायमा काम गरेका वा देशभित्र तथा देशबाहिरका विश्वविद्यालयमा कार्यरत प्राध्यापक वा विद्यावारिधि गरी अनुसन्धानमा संलग्न भएका व्यक्तिहरूलाई पनि सहनिर्देशकमा नियुक्त गर्न सकिनेछ ।

### १०.२ शोधनिर्देशकको नियुक्ति

(क) एम. फिल. शोधकार्यको शोधनिर्देशक ग्राजुयट स्कुलको निर्देशकले नियुक्त गर्नेछ ।

(ख) शोधार्थीले एम.फिल. शोधकार्य गर्न चाहेको विषयमा प्राध्यापक वा सह/उप-प्राध्यापक वा सो सरहको पदमा कार्य गरेकाहरूमध्येबाट शोधनिर्देशकका लागि निजहरूको सहमतिमा शोध निर्देशक नियुक्ति गरिनेछ । विद्यावारिधिको हकमा प्राध्यापक वा विद्याबारिधि गरेका सह-प्राध्यापक वा सो सरहको पदमा कार्य गरेकाका नाम सिफारिस गरिएको हुनुपर्नेछ । यसरी प्रस्तावित नाममाथि अनुसन्धान समितिले विचार गरी शोधनिर्देशन भार, दक्षता, अनुभव, विशिष्टताका आधारमा तिन जनामध्येबाट वा रोस्टरमा भएका प्राध्यापकबाट उपयुक्त शोधनिर्देशक नियुक्ति गर्नेछ । शोधनिर्देशक तथा शोधार्थी वा अनुसन्धान समितिले सहनिर्देशकको आवश्यकता महसुस गरेमा एक जना सहनिर्देशक नियुक्ति गर्न सकिनेछ ।

(ग) गविद्यावारिधि अनुसन्धानको लागि अस्थायी नाम दर्ता भएपछि शोधशीर्षकको आधारमा अनुसन्धान समितिले शोधनिर्देशक उपलब्ध गराउनेछ ।

शोधार्थीले एम.फिल. शोधकार्य गर्न चाहेको विषयमा प्राध्यापक वा सह/उप-प्राध्यापक वा सो सरहको पदमा कार्य गरेकाहरूमध्येबाट शोधनिर्देशकका लागि निजहरूको सहमतिमा शोध निर्देशक नियुक्ति गरिनेछ । विद्यावारिधिको हकमा प्राध्यापक वा विद्याबारिधि गरेका सह-प्राध्यापक वा सो सरहको पदमा कार्य गरेकाका नाम सिफारिस गरिएको हुनुपर्नेछ । यसरी प्रस्तावित नाममाथि अनुसन्धान समितिले विचार गरी शोधनिर्देशन भार, दक्षता, अनुभव, विशिष्टताका आधारमा तिन जनामध्येबाट वा रोस्टरमा भएका प्राध्यापकबाट उपयुक्त शोधनिर्देशक नियुक्ति गर्नेछ । शोधनिर्देशक तथा शोधार्थी वा अनुसन्धान समितिले सहनिर्देशकको आवश्यकता महसुस गरेमा एक जना सहनिर्देशक नियुक्ति गर्न सकिनेछ ।

(घ) एक पटकमा एक जना प्राध्यापकलाई बढीमा पाँच जना र सह-प्राध्यापकलाई चार जनासम्म विद्यावारिधि शोधार्थीको शोधकार्यको निर्देशकमा नियुक्त गर्न सकिनेछ[2] । त्यस्तै एम.फिल. शोधकार्यको शोध निर्देशन गर्नका लागि एक जना प्राध्यापकलाई बढीमा छ जना, सह-

[2]=विश्वविद्यालय अनुदान आयोगको विद्यावारीधि उपाधीको न्यूनतम मापदण्ड तथा कार्यविधि, २०७३ अनुसार

प्राध्यापकलाई पाँच र उप-प्राध्यापकलाई चार जना शोधार्थीको शोध निर्देशक नियुक्ती गर्न सकिनेछ[3] ।

### १०.३ शोधनिर्देशकको सुपरिवेक्षण कार्य

शोधार्थी र शोधनिर्देशकको संयुक्त स्वीकृतिमा शोधार्थीले आफ्नो अध्ययन कार्ययोजना पेस गर्नु पर्नेछ र यसैका आधारमा शोधनिर्देशन कार्य आगाडि बढाइनेछ ।

शोधनिर्देशकले शोधार्थीलाई सम्बन्धित कृतिहरू वा साहित्यहरूको पुनरावलोकन गर्न लगाउने, एम. फिल. तथा विद्यावारिधिको विस्तृत प्रस्तावना तयार पार्न, तथ्याङ्क सङ्कलन साधन तयार पार्न, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्न, शोधप्रबन्ध तयार पार्ने कार्यमा यथेष्ट सहयोग गर्नुपर्दछ ।

### १०.४ शोधनिर्देशक परिवर्तन

सामान्यतया शोधनिर्देशक परिवर्तन गरिने छैन तर शोधनिर्देशकले विविध कारणले जस्तै : अन्य महत्त्वपूर्ण कार्यमा व्यस्त भएमा, विदेशमा गएमा, स्वास्थ्य ठिक नभएको आदि अवस्थामा आफ्नो जिम्मेवारी पुरा गर्न नसक्ने भएमा वा अन्य उचित कारण भएमा शोधनिर्देशक परिवर्तन गर्न सकिनेछ । शोधार्थीले शोधनिर्देशक परिवर्तन गर्ने उचित कारणसहित विद्यमान निर्देशकको मञ्जुरी पत्रसहितको निवेदन परेको खण्डमा अनुसन्धान समितिले निर्देशक तथा सहनिर्देशक परिवर्तन गर्न सक्नेछ । उचित कारण तथा आवश्यकता हेरि अनुसन्धान समितिले शोधार्थीको निवेदन माथि बिचार गरि शोधनिर्देशक परिवर्तन गर्न स्वीकृती दिन सक्नेछ ।

## परिच्छेद ११

## शोधप्रबन्धको सङ्गठन तथा पेस

११.१ डीन कार्यालयले तयार पारेको शोधप्रबन्ध लेखन निर्देशिकाअनुसार शोधार्थीले शोधप्रबन्ध तयार गर्नु पर्नेछ ।

११.२ शोधप्रबन्धका साथमा ३०० देखि ८०० शब्दहरूमा शोधको सारांश पेस गर्नु पर्नेछ । त्यसमा शोधार्थीले आफ्नो क्षेत्रमा गरेको योगदानका बारेमा उल्लेख गर्नुपर्ने छ ।

११.३ तोकिएको प्रारूप (फर्म्याट) मा तयार गरिएको शोधप्रबन्धका तिन प्रति बुझाउनु पर्नेछ र त्यसमा शोधनिर्देशक तथा शोध विशेषज्ञहरूका सिफारिससहितको हस्ताक्षर हुनु पर्नेछ ।

११.४ शोधप्रबन्ध बुझाउँदा शोधार्थीले डीन कार्यालयमा बुझाउनु पर्ने बक्यौताहरू, शोधप्रबन्ध बुझाउँदा तोकिएको शुल्क तिर्नु पर्नेछ ।

११.५ शोधप्रबन्ध 'ए फोर' साइज (२९७ x२१० भित्र) साइजको कागजमा एकापट्टि मात्र छापिएको हुनुका साथै कालो वा निलो जिल्ला भएको हुनु पर्नेछ ।

११.६ शोधप्रबन्धका छपाइसम्बन्धी अन्य कार्य ग्राजुयटस्कुल/डीन कार्यालयले प्रकाशन गरेको निर्देशिका तथा ढाँचाअनुसार गर्नु पर्नेछ ।

---

[3]= विश्वविद्यालय अनुदान आयोगको एम. फिल.उपाधीको न्यूनतम मापदण्ड तथा कार्यविधि, २०७३ अनुसार

## परिच्छेद १२

### १२.१ एम. फिल. शोधप्रबन्ध स्वीकृतिको व्यवस्था

(क) शोधार्थीले शोधपत्र बुझाएको दुई हप्ताभित्र ग्राजुयटस्कुल अफ एजुकेशनले प्रस्तुतीकरण र छलफलको तयारी सुरु गर्नेछ ।

### १२.२ शोधप्रबन्धको आन्तरिक मूल्याङ्कन

(क) एम. फिल. शोधपत्रको बाह्य मूल्याङ्कनकर्ता पठाउनुभन्दा पहिले शोधार्थीलाई सम्बन्धित विषयको विज्ञ तथा मूल्याङ्कन समितिका सदस्यहरूका अगाडि पूर्व प्रस्तुतीकरण गर्न लगाउने र सोको आधारमा सुधारका लागि आवश्यक सुझाव दिइनेछ । प्राप्त सुझावका आधारमा शोधप्रबन्ध तयार गरी ग्राजुयटस्कुलमा पेस गर्नु पर्नेछ ।

(ख) विद्यावारिधि शोधप्रबन्धको बाह्य मूल्याङ्कनकर्ताकहाँ पठाउनुभन्दा पहिले शोधप्रबन्धको आन्तरिक मूल्याङ्कन पनि गराइनेछ ।

(ग) विद्यावारिधि शोधपत्र आन्तरिक मूल्याङ्कनका लागि शोधकर्ताले आफ्नो स्थायी रूपले स्टिच नगरिएको (लूज वा स्पाइरल बाइन्डिङमा) शोधप्रबन्धका तिन प्रति ग्राजुयटस्कुलमा बुझाउनु पर्नेछ ।

(घ) शोधनिर्देशकको राय लिएर शिक्षाशास्त्र सङ्काय वा विश्वविद्यालयमा कार्यरत प्राध्यापक वा सहप्राध्यापक पदमा कार्यरत तर तत्सम्बन्धी शोधकार्यमा निर्देशक वा सहनिर्देशकका रूपमा संलग्न नरहेका व्यक्तिहरूमध्येबाट तिन जना आन्तरिक मूल्याङ्कनकर्ताको छनौट गरिनेछ ।

(ङ) शोधार्थीबाट प्राप्त भएको विद्यावारिधि शोधप्रबन्धलाई अनुसन्धान समितिले शोधनिर्देशकको सिफारिसमा दुई जना प्राध्यापक विशेषज्ञहरूकहाँ आन्तरिक मूल्याङ्कन गर्न पठाइनेछ । यी प्राध्यापक तथा विशेषज्ञहरूबाट प्राप्त हुन आएको राय/सुझाव शोधकर्तालाई उपलब्ध गराइनेछ ।

(च) शोधार्थीले आन्तरिक मूल्याङ्कनकर्ताबाट लिखित सुझाव प्राप्त गरेपछि त्यसका आधारमा परिमार्जन गरी पूर्वप्रस्तुतीकरण गर्नुपर्दछ । ग्राजुयट स्कूलले पूर्व प्रस्तुतीकरणको व्यवस्था मिलाउनेछ ।

(छ) पूर्व प्रस्तुतीकरणपछि मूल्याङ्कनकर्ता तथा अनुसन्धान समितिका सदस्यहरू तथा प्रस्तुतीकरणमा उपस्थित भएका विज्ञहरूले दिएका राय तथा सुझावका आधारमा परिमार्जन र संशोधन गरी शोधकर्ताले विद्यावारिधि शोधप्रबन्ध तयार पार्नुपर्दछ र शोधनिर्देशकको सिफारिससहित बाह्य मूल्याङ्कनका लागि ग्राजुयट स्कूल, डीनको कार्यालयमा पेस गर्नु पर्नेछ ।

## परिच्छेद १३

## शोधप्रबन्धको बाह्यमूल्याङ्कन तथा उपाधि प्रदान

### १३.१ बाह्य परीक्षकको नियुक्ति

(क) एम. फिल. तथा विद्यावारिधि शोधप्रबन्धको अन्तिम मूल्याङ्कन दुई जना बाह्य परीक्षकबाट गराइने छ ।

(ख) एम. फिल. को शोधप्रबन्ध विश्वविद्यालयभित्र वा बाहिर कार्यरत प्राध्यापक वा विद्यावारिधि गरी अन्य सङ्घ संस्थामा कार्यरत वा विश्वविद्यालयमा प्राध्यापक पदमा सेवा गरी निवृत्त भएकामध्येबाट  बाह्य परीक्षक नियुक्त गर्न सकिनेछ ।

(ग) विद्यावारिधि शोधप्रबन्धको बाह्य परीक्षक हुनका लागि सम्बन्धित विभागभन्दा बाहिर काम गर्ने प्राध्यापक वा त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक पदमा सेवा गरी निवृत्त भएका र विद्यावारिधि गरेका वा सम्बन्धित विषयमा विद्यावारिधि गरी विश्वविद्यालयभन्दा बाहिर अन्य क्षेत्रमा अनुसन्धान तथा प्राज्ञिक क्षेत्रमा कार्यरत व्यक्ति वा अन्य विश्वविद्यालयका प्राध्यापक हुनु पर्नेछ ।

(घ) विद्यावारिधि शोधप्रबन्धको बाह्य मूल्याङ्कन एक जना स्वदेश र एक जना विदेशमा कार्यरत प्राध्यापक वा विषयविज्ञबाट गराइनेछ ।

(ङ) नेपाली विषयको विद्यावारिधि शोधप्रबन्धको बाह्य मूल्याङ्कन सम्भव भएसम्म एक जना विदेशी प्राध्यापकबाट गराइने छ । सम्भव नभएमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको अन्य सङ्कायमा वा नेपालको अन्य विश्वविद्यालयमा कार्यरत वा सेवा निवृत्त नेपाली विषयका प्राध्यापकहरूमध्येबाट दुई जनालाई बाह्य परीक्षक नियुक्त गर्न सकिनेछ ।

(च) बाह्य मूल्याङ्कनका लागि शोधनिर्देशकले चार जना विशेषज्ञहरू (एक जना विदेशी प्राध्यापक सहित) को नाम सिफारिस गर्नु पर्नेछ । शोधप्रबन्धको मूल्याङ्कनका लागि अनुसन्धान समितिले शोधनिर्देशकले सिफारिस गरेका विशेषज्ञहरूमध्येबाट वा ग्रयजुयटस्कूल/डीन कार्यलयले तयार पारेका विषयविज्ञ तथा प्राध्यापकहरूको रोस्टरबाट दुई जना बाह्य परीक्षकहरूको नियुक्ति गर्नेछ ।

### १३.२ शोधप्रबन्धको बाह्य मूल्याङ्कन

(क) बाह्य परीक्षकहरूबाट प्राप्त भएका दुवै मूल्याङ्कन प्रतिवेदन सकारात्मक वा नकारात्मक भएमा सोहीअनुसार हुनेछ । मूल्याङ्कनकर्ताले शोधप्रबन्धमा भएका कमजोरी तथा त्रुटिहरूलाई सुधार गर्न शोधार्थीलाई सुझावहरू प्रदान गर्नेछन् । त्यसका आधारमा शोधप्रबन्धको आवश्यक संशोधन वा परिमार्जन गर्न  निजको शोधनिर्देशकमार्फत परामर्श तथा अवसर उपलब्ध गराइनेछ ।

(ख) दुई परीक्षकमध्ये एक जनाले स्वीकार र अर्काले अस्वीकार गरेको अवस्थामा तेस्रो विज्ञ तथा प्राध्यापकबाट मूल्याङ्कन गराइनेछ । पछिल्लो मूल्याङ्कन सकारात्मक भएमा मौखिक परीक्षा प्रक्रिया पुरा गरी एम. फिल. वा विद्यावारिधिको उपाधि प्रदान गर्न सकिनेछ ।

(ग) विद्यावारिधि शोधप्रबन्धको मूल्याङ्कन हुँदा बाह्य परीक्षक दुवैले विद्यावारिधि उपाधिका लागि शोधप्रबन्ध उपयुक्त छैन भनी मूल्याङ्कन प्रतिवेदन दिएको अवस्थामा विद्यावारिधि उपाधि  प्रदान गरिने छैन ।

(घ) शोधप्रबन्धको मूल्याङ्कन सकारात्मक भएमा शोधकर्तालाई अनुसन्धान समितिका सदस्यहरू, बाह्य मूल्याङ्कनकर्ता तथा अन्य आमन्त्रित विद्वान्‌हरूका सामु आफ्नो शोधप्रबन्धको प्रस्तुति गर्न लगाई मौखिक परीक्षा लिइनेछ ।

### १३.३ मौखिक परीक्षा (Viva and Defence)

(क) मौखिक परीक्षा हुनुभन्दा अगाडि विद्यावारिधि शोधार्थीले पिअर रिभ्यु (Peer Reviewed Journal) जर्नलमा दुइवटा अनुसन्धान लेख प्रकाशन गरेको हुनु पर्नेछ ।

(ख दुवै बाह्य परीक्षकबाट स्वीकृतिसहित थप सुधार गर्नका लागि प्राप्त सुझावका आधारमा शोधार्थीले अन्तिम रूपमा तयार पारेको शोधपत्रलाई ग्राजुयट स्कूल, डीन कार्यालयले तयार गरेको ढाँचामा छपाई, सिलाई तथा गाता राखेर ६ प्रति बुझाएपछि मात्र मौखिक परीक्षा कार्य अघि बढाइनेछ ।

(ग) एम. फिल. शोधप्रबन्धको मौखिक परीक्षा व्यवस्थापन ग्राजुयट स्कुलको निर्देशकले गर्नेछ । सो मौखिक परीक्षामा स्कुल निर्देशकको अध्यक्षतामा बाह्य परीक्षक, शोधनिर्देशक र अनुसन्धान समितिको एक जना सदस्य अनिवार्य रूपमा उपस्थित हुनु पर्नेछ । एम. फिल.को शोधप्रबन्धको समग्र प्रस्तुति तथा मौखिक परीक्षा सन्तोषजनक भएमा मूल्याङ्कन समितिले उपाधिका लागि सिफारिस गर्नेछ । उक्त सिफारिसका आधारमा ग्राजुयटस्कुलले एम. फिल. शोधप्रबन्ध मौखिक परीक्षाको परीक्षाफल प्रकाशित गर्नेछ ।

(घ) ग्राजुयटस्कूलले विद्यावारिधिको मौखिक परीक्षा हुने मिति, समय तथा स्थान कम्तीमा १० दिन अगाडि प्रकाशन गर्नेछ । यो कार्य बन्द हलभित्र सञ्चालन गरिनेछ र उक्त हलमा विद्यावारिधि शोधकार्य गरिरहेका विद्यार्थीहरू, अनुसन्धान समितिका सदस्यहरू, मूल्याङ्कन समितिका सदस्यहरू, शोधनिर्देशक, सहनिर्देशक, बाह्य परीक्षक तथा अन्य आमन्त्रित व्यक्तिहरू सहभागी हुनेछन् ।

(ङ) विद्यावारिधि शोधप्रबन्धको मौखिक परीक्षा शोधनिर्देशक, एक जना बाह्य परीक्षक, ग्राजुयटस्कुलको निर्देशक, सुपरिवेक्षण समिति र अनुसन्धान समितिका सदस्यहरूको उपस्थितिमा सञ्चालन गरिनेछ । कुनै कारणवश दुवै बाह्य परीक्षक यो कार्यमा सहभागी हुन नसकेको अवस्थामा डीनले वरिष्ठ प्राध्यापक तथा अनुसन्धानकर्ताहरूमध्येबाट एक जनालाई बाह्य परीक्षक नियुक्त गर्न सक्नेछ ।

(च) विद्यावारिधि शोधप्रबन्धको मौखिक परीक्षा कार्य सङ्कायको डीनको अध्यक्षतामा सञ्चालन हुनेछ । शोधार्थीले आफ्नो विद्यावारिधि उपाधिका लागि सम्पन्न गरेको शोधकार्यको सारसङ्क्षेप दिएको समयभित्र प्रस्तुत गर्नुपर्नेछ र त्यसपछि बाह्य परीक्षक, अनुसन्धान समितिका सदस्यहरू तथा अन्य सहभागीहरूले प्रश्न सोध्न सक्नेछन् ।

(छ) यदि मौखिक परीक्षा कार्य सन्तोषजनक नभएमा बाह्य परीक्षक तथा शोधनिर्देशकको सिफारिसमा एक महिनाभित्र दोस्रो मौखिक परीक्षा सञ्चालन गरिनेछ । दोस्रो मौखिक परीक्षा सन्तोषजनक भएमा उपाधिका लागि सिफारिस गरिनेछ ।

(ज) विद्यावारिधि शोधपत्रको बाह्य मूल्याङ्कनकर्ताको प्रतिवेदन तथा डीन कार्यालयले सञ्चालन गरेको मौखिक परीक्षाका एवंम् अनुसन्धान समितिले दिएको सिफारिसका आधारमा डीन कार्यालयले विद्यावारिधिको अस्थायी उपाधि दिनेछ ।

## परिच्छेद १४

## उपाधि प्रदान तथा प्रकाशन

### १४.१ एम. फिल. तथा विद्यावारिधि उपाधि प्रदान (Award of M. Phil. Degree and Ph. D.)

अनुसन्धान सिमितिको सिफारिसमा एम. फिल. पाठ्यांश कार्यक्रमको लिखित (एम.फिल. ग्रेडिङ प्रणाली अनुच्छेद ३ मा दिईएको छ) तथा मौखिक परीक्षा र शोधप्रबन्धको मौखिक परीक्षा उत्तीर्ण गरी निर्धारित ढाँचामा शोधप्रबन्ध तयार गरी ६ प्रति ग्राजुयटस्कुलमा बुझाएको प्रतिवेदन डीन कार्यालयमा प्राप्त भएपछि डीन कार्यालयले उपाधिको अस्थायी प्रमाणपत्र प्रदान गर्नेछ ।

विद्यावारिधिको शोधार्थीले मौखिक परीक्षा सफलतापूर्वक सम्पन्न गरी पिअर रिभ्यु जर्नलमा प्रकाशन भएको अनुसन्धान लेखसहित ६ प्रति शोधप्रबन्ध निर्धारित ढाँचामा तयार गरी डीन कार्यालयमा पेस गरेको र अनुसन्धान समितिले उपाधिका लागि प्रदान गरेको सिफारिसका आधारमा डीन कार्यालयले निजलाई उपाधिको अस्थायी प्रमाणपत्र प्रदान गर्नेछ । विश्वविद्यालयले आयोजना गरेको दीक्षान्त समारोहमा एम. फिल. तथा विद्यावारिधि उपाधिको स्थायी प्रमाणपत्र प्रदान गरिनेछ ।

### १४.२ शोधपत्रको प्रकाशन

विद्यावारिधि उपाधि प्राप्त शोधपत्रलाई त्रि.वि.ले प्रकाशन गर्न सक्नेछ । विश्वविद्यालयले प्रकाशन गर्न नचाहेको अवस्थामा शोधकर्ताले आफ्नो शोधपत्रलाई देशभित्र वा बाहिरको प्रकाशनबाट त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायको स्वीकृती लिएर प्रकाशित गर्न सक्नेछन् ।

## परिच्छेद १५

## आर्थिक सम्बन्धी व्यवस्था

### १५.१ आम्दानी

(क) शोधार्थी/विद्यार्थीहरूबाट प्राप्त शुल्कः एम.फिल. तथा विद्यावारिधि कार्यक्रमका विद्यार्थीहरूबाट उठाइने शुल्क विद्यापरिषद्को सिफारिसमा डीन कार्यालयले निर्धारण गर्नेछ । सोको जानकारी कार्यकारी परिषद्लाई गराइनेछ । ***(अनुसूची ४, ५ र ६ मा उल्लेख भएबमोजिम हुनेछ ।)***

(ख) त्रि.वि.बाट प्राप्त रकम

(ग) नेपाल सरकारबाट प्राप्त रकम

(घ) अन्य सङ्घ संस्था/व्यक्तिबाट आर्थिक सहयोगस्वरूप प्राप्त रकम

(ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था र विश्वविद्यालयबाट अनुसन्धान परियोजना सञ्चालनका लागि प्राप्त आर्थिक सहयोग रकम ।

### १५.२ खर्चहरू

(क) एम.फिल. पूर्णकालिन कार्यक्रमको खर्च अनुसूची ७ मा उल्लेख गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय

(ख) एम.फिल. आंशिककालिन कार्यक्रमको खर्च अनुसूची ८ मा उल्लेख गरिएको छ ।

(ग) विद्याबारिधी कार्यक्रमको खर्च अनुसूची ९ मा उल्लेख गरिएको छ ।

(घ) मौखिक परीक्षामा सहभागी हुने विशेषज्ञ तथा व्यवस्थापन समितिको बैठक भत्ता, पाठ्यांश संयोजक शिक्षक/प्राध्यापक तथा कर्मचारी बैठक भत्ता त्रि.वि. नियानुसार हुनेछ ।

(ङ) कार्यक्रम निर्देशक, सह-निर्देशक तथा लेखा तथा प्रशासन सम्बन्धी काम गर्ने कर्मचारीको भत्ता र कुचिकारको पारिश्रमिक (***अनुसूची १० मा उल्लेख भए बमोजिम हुनेछ ।)***

(ङ) जर्नल, कार्यशाला, प्रोवोधिकरण आदि खर्च अनुसूचि ११ बमोजिम हुनेछ ।

### १५.३ लेखा र लेखा परीक्षण

(क) कार्यक्रमको लेखा तथा लेखापरीक्षण त्रि.वि.को प्रचलित ऐन, नियमबमोजिम हुनेछ ।

## परिच्छेद १६

## कार्यविधिसम्बन्धी व्यवस्था

### १६.१ कार्यविधिबमोजिम हुने व्यवस्था

(क) यस कार्यबिधिमा लेखिएका कुरामा यसैबमोजिम हुनेछ र यसमा उल्लेख नभएका कुराहरूको हकमा त्रि.वि.नियमबमोजिम हुनेछ । यसअघि भएका एम. फिल. तथा विद्यावारिधिसम्बन्धी कार्यहरू यसै कार्यविधिबमोजिम भएको मानिनेछ र यो कार्यविधि लागु भइसकेपछि यसै बमोजिम हुनेछ ।

## परिच्छेद १७

## विविध व्यवस्था

१७.१ यस कार्यविधि बमोजिम काम कारबाही गर्दा गराउँदा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

१७.२ यस कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

१७.३ यस कार्यविधिमा उल्लेख भएका कुराहरू त्रि.वि.सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को दफा १३३ (२) अनुसार गरिएको छ । यसमा लेखिएका कुराहरू उक्त नियमसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसूची १

**Tribhuvan University**

**Faculty of Education**

**M. Phil. and Ph. D. Course Structure**

| SN | Name of course | M. Phil. Credit hours | Ph. D. Credit Hours |
|---|---|---|---|
| | **First Semester** | | |
| 1 | Theories and Philosophies of Education | 3 | |
| 2 | Advanced Research Methods I | 3 | |
| 3 | Advanced Research Methods II | 3 | |
| 4 | Academic Writing | 3 | |
| 5 | Fundamentals of Education (for non-education background students) | 3 | |
| | **Second Semester (Subject Specialization Course)** | | |
| 5 | Specialized course I: Theories and Philosophies | 3 | |
| 6 | Specialized course II | 3 | |
| 7 | Specialized course III | 3 | |
| 8 | Specialized course IV | 3 | |
| 9 | Third Semester<br>M. Phil. Dissertation | 8 | |
| 10 | Independent study, Academic Review and Doctoral Seminar | | 4 |
| 11 | Ph. D. Dissertation | | 32 |
| | Total Credit hours | 32 | 36 |

## अनुसूची २

## एम.फिल. भर्ना योग्यता

**एकीकृत एम.फिल. विद्यावारिधि (M. Phil. leading to Ph. D.) मा भर्ना हुनका लागि योग्यता :**

**क) शिक्षा अध्ययन (Education Studies)**

अ) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका,

वा

आ) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र बाहेकका कुनै पनि विषयमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण गरी शिक्षण वा अनुसन्धान क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेका ।

**ख) विषय विशिष्टिकरणमा भर्ना हुनका लागि योग्यता**

**अ) अंग्रेजी शिक्षा (English Education)**

अंग्रेजी शिक्षामा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका ।

**आ) गणित शिक्षा (Mathematics Education)**

गणित शिक्षामा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका ।

**इ) स्वास्थ्य शिक्षा (Health Education)**

निम्न बिषयहरुमा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण गरेका – M. Ed. in Health Education, M. Ed. in Physical Education, M. Ed. in Population Education, Master in Public Health, M. Sc. in Biology, M. Sc. in Nursing, M. Sc. in Environment Science ।

**ई) नेपाली शिक्षा**

नेपाली शिक्षामा न्यूनतम द्वितीय श्रेणीमा वा 'बि' ग्रेडमा स्नातकोत्तर (एम.एड.) तह उत्तीर्ण गरेका ।

उ) अन्य विषय विशिष्किरणका हकमा भर्ना योग्यता नतोकिएको हकमा सम्बन्धित विशिष्टिकरण विषयमा एम.एड. उत्रिर्ण गरेको हुनु पर्ने छ ।

## अनुसूची ३
## एम.फिल. ग्रेडिङ आधार

| | | |
|---|---|---|
| A | = | 92.5 and above |
| A- | = | 82.5 and less than 92.5 |
| B+ | = | 74.0 and less than 82.5 |
| B | = | 65.5 and less than 74.0 |
| B- | = | 57.5 and less than 65.5 |
| C | = | 50 and less than 57.5 |
| F | = | Below 50 Fail |

रिजल्ट सिटमा सेमेष्टर ग्रेड प्वाइन्ट एभरेज (GPA) र अन्तिम सेमेष्टरमा क्यूमिलिटिभ ग्रेड प्वाइन्ट एभरेज (CGPA) उल्लेख गरिनेछ ।

## अनुसूची ४
## एम.फिल. पूर्णकालिन कार्यक्रम शुल्क विवरण

(क) प्रवेश आवेदन शुल्क रु. १५००/-

(ख) प्रवेश परीक्षा शुल्क र कृति तथा प्रस्ताव मूल्याङ्कन शुल्क रु. ५,०००/-

(ग) भर्ना शुल्क रु. १०,०००/-

घ) सेमेष्टर शुल्क रु. ५२,०००/- (रु. ५२,०००/-x ३ पटक )

ङ) ३ सेमेष्टरको अवधि सकिएपछि एम.फिल. पाठ्यांशहरु पूरा गर्न नसकेका विद्यार्थीहरुका लागि थप शुल्क : पहिलो ६ महिना रु. ५,०००/-, दोश्रो ६ महिना रु. १०,०००/- तथा तेश्रो/अन्तिम ६ महिना रु. १५,०००/- हुनेछ ।

च) पाठ्यांशमा उल्लेखित असाइनमेन्ट विलम्व शुल्क प्रति असाइनमेन्ट शुल्क रु. १,०००/- र प्रति पाठ्यांशको लिखित परीक्षा विलम्व शुल्क रु. ३,०००/- हुनेछ ।

छ ) एम.फिल. आंशिककालीनबाट एम.फिल.पूर्णकालीनमा वा पूर्णकालीनबाट आंशिककालीन कार्यक्रममा क्रेडिट ट्रान्सफर गरेर आउने बिद्यार्थीहरुलाई क्रेडिट ट्रान्सफर शुल्क रु. ५,०००/-लाग्नेछ । क्रेडिट ट्रान्सफर पश्चात एम.फिल.को जुन कार्यक्रममा स्थानान्तरण भएको हो त्यसपछि त्यसै अनुसारको शुल्कहरु लाग्नेछन् ।

## अनुसूची ५
## एम.फिल. आंशिककालीन कार्यक्रम शुल्क विवरण

क) प्रवेष आवेदन शुल्क रु. १,५००/-

ख) प्रवेष परीक्षा शुल्क र कृति तथा प्रस्ताव मूल्याङ्कन शुल्क रु. ५,०००/-

ग) भर्ना शुल्क रु. १०,०००/-

घ) वार्षिक शुल्क रु. ६०,०००/- (रु. ६०,०००/-x ३ पटक )

ङ) ३० महिनाको अवधि सकिएपछि एम.फिल. पाठ्यांशहरु पूरा गर्न नसकेका विद्यार्थीहरुका लागि थप शुल्क : पहिलो ६ महिना रु. ५,०००/-, दोश्रो ६ महिना रु. १०,०००/- तथा तेश्रो/अन्तिम ६ महिना रु. १५,०००/- हुनेछ ।

च) पाठ्यांशमा उल्लेखित असाइनमेन्ट विलम्व शुल्क प्रति असाइनमेन्ट शुल्क रु. १,०००/- र प्रति पाठ्यांशको लिखित परीक्षा विलम्व शुल्क रु. ३,०००/- हुनेछ ।

छ ) एम.फिल. आंशिककालीनबाट एम.फिल.पूर्णकालीनमा वा पूर्णकालीनबाट आंशिककालीन कार्यक्रममा क्रेडिट ट्रान्सफर गरेर आउने बिद्यार्थीहरुलाई क्रेडिट ट्रान्सफर शुल्क रु. ५,०००/- लाग्नेछ । क्रेडिट ट्रान्सफर पश्चात एम.फिल.को जुन  कार्यक्रममा स्थानान्तरण भएको हो त्यसपछि त्यसै  अनुसारको शुल्कहरु लाग्नेछन् ।

## अनुसूची ६

## विद्यावारिधि कार्यक्रम शुल्क विवरण

(क) प्रवेश आवेदन शुल्क रु. १५००/-

(ख) कृति तथा प्रस्ताव मूल्याङ्कन तथा अन्तर्वार्ता शुल्क रु. ५,०००/-

(ग) भर्ना शुल्क रु. १०,०००/-

(घ) सेमेष्टर शुल्क रु. ३०,०००/- (प्रति सेमेष्टर)

(ङ) एम.फिल. कार्यक्रमको विषयको सबै विषयमा सहभागी हुने भएमा सहभागी हुने एम.फिल. कार्यक्रमकै शुल्क लाग्नेछ । यदि एम. फिल. कार्यक्रमको कुनै विषयमा मात्र सहभागी हुने भएमा एक क्रेडिट आवरको प्रति सेमेष्टर ३,०००/- शुल्क लाग्नेछ ।

(च) एम.फिल. आंशिककालिनबाट एम.फिल. पूर्णकालिनमा क्रेडिट ट्रान्सफर गरेर आउने विद्यार्थीहरुलाई क्रेडिट ट्रान्सफर शुल्क रु. ५,०००/- लाग्नेछ । क्रेडिट ट्रान्सफर पश्चात एम.फिल. पूर्णकालिन कार्यक्रम अनुसारकै शुल्कहरु लाग्नेछ ।

## अनुसूची ७

## एम.फिल. पूर्णकालिन कार्यक्रम खर्च विवरण

### ५.१ प्राध्यापक/श्रोतव्यक्ति/विशेषज्ञहरुको पारिश्रमिक

क) पाठ्यांश कार्य पारिश्रमिक १ घण्टा अध्यापन गरे वापत रु. १,२५०/- का दरले प्रति क्रेडिट आवर रु. २०,०००/-उपलब्ध गराइनेछ ।

ख) आगन्तुक प्राध्यापक/श्रोतव्यक्ति/विशेषज्ञहरुको प्रति घण्टाका रु. १,५००/-का दरले ३ घण्टाको रु. ४,५००/- उपलब्ध गराइनेछ ।

### ५.२ परीक्षा सम्बन्धी

(क) सेमेष्टरको अन्तिम तथा पुन: लिखित परीक्षा

त्रिभुवन विश्वविद्यालय

| | |
|---|---|
| प्रश्न निर्माण | रु. १,०००/- प्रति सेट |
| मोडेरेशन | रु. ५००/- प्रति सेट |
| पेपर/कापी परीक्षण | रु. २५०/- प्रति पेपर/कापी |
| स्कनिटी प्रति कापी | रु. २५०/- (जम्मा कापीको ३३% कापी स्कुनिटी परीक्षण) |

(ख) असाइमेन्ट तथा पेपर विलम्व (Back) प्रति असाइमेन्ट परीक्षण रु. ५००/-

(ग) प्रवेश परीक्षा

| | |
|---|---|
| प्रश्न निर्माण | रु. १,०००/- प्रति सेट |
| मोडेरेशन | रु. ५००/- प्रति सेट |
| पेपर/कापी परीक्षण | रु. २५०/- प्रति पेपर/कापी |
| स्कुनिटी प्रति कापी | रु. २५०/- ( जम्मा कापीको ३३% कापी स्कुनिटी परीक्षण) |

२ वटा लेख र १ प्रस्ताबना मूल्याङ्कन ३ x रु.६००/-

अन्तर्वार्ता प्रति विद्यार्थी रु. ६००/-

(घ) डीन, सहायक डीन, केन्द्राध्यक्ष, निरीक्षक, कर्मचारी, कार्यालय सहयोगी, प्रहरी तथा अन्य संलग्न व्यक्तिहरुको पारिश्रमिक तथा सुविधाहरु डीन कार्यालयले अन्य परीक्षामा व्यवस्था गरे अनुसार हुनेछ ।

(ङ) यस कार्यविधिमा उल्लेख नगरिएका/नभएका परीक्षा सम्बन्धी खर्चहरु डीन कार्यालयको परीक्षा सम्बन्धी व्यवस्था अनुसार हुनेछ । (त्रि.वि. कार्यकारी परिषद्को मिति २०७१/५/९ को वैठकको निर्णय नं. १८२६)

**५.३ पाठ्यक्रम निर्माण**

नयाँ पाठ्यक्रम निर्माण प्रति क्रेडिट आवर रु. ५,०००/- का दरले पारिश्रमिक उपलब्ध गराईनेछ ।

**५.४) शोध कार्य**

(क) शोध निर्देशकलाई निम्नानुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।

शोध प्रस्तावना स्वीकृत भएपछि रु. ५,०००/-

शोध प्रवन्धको मौखिक परीक्षा पछि रु. १०,०००/-

(ख) एम.फिल. शोधप्रवन्धको आन्तरिक मूल्याङ्कन र सुझाव तथा पूर्व प्रस्तुतिकरण पारिश्रमिक- ३ जना x रु. १,५००/- प्रति मूल्याङ्कनकर्ता ।

(ग) शोधप्रवन्धको वाह्य मूल्याङ्कनकर्ता पारिश्रमिक २ जना x रु. ५,०००/-

(घ) शोधनिर्देशक थप पारिश्रमिक (शोधार्थीको सेमेष्टर थप भए अनुसार) पहिलो पटक रु. २,०००/-, दोस्रो पटक रु. ४,०००/-, तेस्रो तथा अन्तिम पटक रु. ६,०००/-

त्रिभुवन विश्वविद्यालय

## अनुसूची ८
## एम.फिल. आंशिककालिन कार्यक्रम खर्च

**प्राध्यापक/श्रोतव्यक्ति/विशेषज्ञहरुको पारिश्रमिक**

(क) पाठ्यांश कार्य पारिश्रमिक १ घण्टा अध्यापन गरे वापत रु. १,२५०/- का दरले प्रति क्रेडिट आवर रु. २०,०००/-उपलब्ध गराइनेछ ।

(ख) आगन्तुक प्राध्यापक/श्रोतव्यक्ति/विशेषज्ञहरुको प्रति घण्टाका रु. १,५००/-का दरले ३ घण्टाको रु. ४,५००/- उपलब्ध गराइनेछ ।

(ग) प्रत्यक्ष सत्र संचालन गर्दा प्राध्यापक/श्रोतव्यक्ति/विशेषज्ञ/कर्मचारी लाई निम्नानुसार व्यवस्था गरिनेछ ।

- सत्र संचालन पारिश्रमिक प्रति घण्टा रु. १,२५०/-
- काठमाडौ उपत्यका वाहिर प्रत्यक्ष सत्र संचालन गर्न जाँदा यातायात (स्थान अनुसार प्रति व्यक्ति) औसतमा रु. २०,०००/-
- काठमाडौ उपत्यका वाहिर प्रत्यक्ष सत्र संचालन गर्न जाँदा दैनिक भत्ता प्रति दिन प्रति व्यक्ति रु. ३०००/-

(घ) विद्यार्थीलाई व्यक्तिगत सहयोगका लागि पाठ्यांश प्राध्यापकलाई संचार (इन्टरनेट, टेलिफोन) तथा मसलन्द (प्रिन्टिङ, स्टेशनरी) खर्च वापत प्रति पाठ्यांश प्रति विद्यार्थी रु. ५००/- उपलब्ध गराइनेछ ।

(ङ) परीक्षा, थेसिस तथा अन्य खर्चहरु एम.फिल.पूर्णकालीन कार्यक्रम अनुसार हुनेछ ।

## अनुसूची ९
## विद्यावारिधि कार्यक्रम खर्च

**विद्यावारिधि**

(क) शोधनिर्देशकलाई शोधनिर्देशक नियुक्तिपछि रु. ६,०००।-, शोध प्रस्तावना स्वीकृत भएपछि रु. ९,०००।- र शोधप्रबन्धको मौखिक परीक्षा भएपछि रु. १५,०००।- गरी जम्मा रु. ३०,०००।- पहिलो ४ सेमेष्टर सम्मका लागि उपलब्ध गराइनेछ ।

(ख) शोधनिर्देशक थप पारिश्रमिक (शोधार्थीको सेमेष्टर थप भए अनुसार) - हरेक थप सेमेष्टर रु. ५,०००।-

(ग) सह-निर्देशकलाई प्रस्तावना स्वीकृत भएपछि रु. ५,०००।- र शोधप्रबन्धको मौखिक परीक्षा भएपछि रु. १५,०००।- गरी जम्मा रु. २०,०००।- उपलब्ध गराइनेछ ।

(घ) शोधप्रबन्धको आन्तरिक मूल्याङ्कनकर्तालाई (३ जना) प्रति मूल्याङ्कनकर्ता रु. ५,०००।- पारिश्रमिक उपलब्ध गराइनेछ ।

(ङ) शोधप्रबन्धको बाह्य मूल्याङ्कनकर्तालाई (२ जना) प्रति मूल्याङ्कनकर्ता रु. १०,०००।- पारिश्रमिक उपलब्ध गराइनेछ ।

त्रिभुवन विश्वविद्यालय

(च) कृति तथा अवधाराणपत्र मूल्याङ्कन प्रति मूल्याङ्कन रु. १२००/- का दरले ३ वटाको रु. ३६००/-। अन्तर्वार्ता प्रति विद्यार्थी रु. ६००/-

(छ) विद्यावारिधिमा आगन्तुक विशेषज्ञलाई ३ घण्टाको ८,०००/- का दरले पारिश्रमिक उपलब्ध गराइनेछ। एक सेमेष्टरमा ३ वटा सम्म आगन्तुक विशेषज्ञ बोलाउन सकिनेछ।

## अनुसूची १०

## ग्राजुयट स्कुल निर्देशक, सह-निर्देशक, लेखा, प्रशासन तथा सहयोगी कर्मचारी दिइने भत्ता तथा पारिश्रमिक विवरण

(क) ग्राजुयट स्कुल निर्देशक भत्ता प्रतिमहिना रु. १०,०००।- उपलब्ध गराइनेछ।

(ख) ग्राजुयट स्कुल सह-निर्देशक भत्ता प्रति महिना रु. ७,०००।– उपलब्ध गराइनेछ।

(ग) एम.फिल. तथा विद्यावारिधि कार्यक्रमको लेखासम्बन्धी काम गर्ने एक जना कर्मचारीलाई रु. ५,०००/- र प्रशासनिक कार्य हेर्ने एक जना डीन कार्यालयको कर्मचारीलाई प्रतिमहिना रु. ५,०००।- भत्ता उपलब्ध गराइनेछ।

(घ) स्कुल निर्देशकलाई टेलिफोन खर्चबापत प्रतिमहिना रु. १,०००।- उपलब्ध गराइनेछ।

(ङ) स्कुल सह-निर्देशकलाई टेलिफोन खर्चबापत प्रतिमहिना रु. १,०००।- उपलब्ध गराइनेछ।

(च) स्कुल निर्देशकलाई परिवहन खर्चबापत प्रतिमहिना रु. २,०००।- उपलब्ध गराइनेछ।

(छ) कुचिकारलाई आंशिक काम गरेबापत प्रतिमहिना रु. ५,०००।- पारिश्रमिक उपलब्ध गराइनेछ।

(ज) ग्राजुएट स्कुलका लागि खटाइने अन्य कर्मचारीहरुलाई त्रि.वि. नियमानुसार पारिश्रमिक तथा भत्ता उपलब्ध गराईनेछ।

## अनुसूची ११

## जर्नल, कार्यशाला, प्रोवोधिकरण आदि

(क) ग्राजुयट स्कूलबाट व्यवस्थापन समितिको निर्णयमा जर्नल प्रकाशन, सेमिनार, कार्यशाला, गोष्टी, प्रोवोधिकरण (Orientation) छलफल कार्यक्रम (Dialogue session) आदिको आयोजना हुनेछ। त्यसमा लाग्ने खर्चहरु त्रि.वि. कार्यविधि तथा नियमानुसार हुनेछन्। (जस्तैः संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थानको प्रशासनिक शैक्षिक एवं आर्थिक व्यवस्थापन सम्बन्धी कार्यविधि २०७१)

(ख) एम.फिल. तथा विद्यावारिधिमा संलग्न शिक्षक/प्राध्यापक तथा विद्यार्थीहरुसंग बेलाबेलामा अन्तरक्रिया तथा छलफल कार्यक्रम गरिनेछन् जसमा शिक्षक तथा कर्मचारीलाई भत्ता र उपस्थित सबैलाई खाजाको व्यवस्था गरिनेछ।



त्रिभुवन विश्वविद्यालय

(ग) एम.फिल. तथा विद्यावारिधिका विद्यार्थीहरुलाई प्रोवोधिकरण (Orientation) को आयोजना गरिनेछ जसमा उपस्थित शिक्षक, कर्मचारी तथा विद्यार्थीका लागि (खाजा, हल, मसलन्द आदि) खर्च गर्न सकिनेछ ।

(घ) विद्यार्थी सहायता, परिचय पत्र, पठन सामाग्री फोटोकपी, सूचना आदिमा खर्च गर्न सकिनेछ ।

**नोट : माथि उल्लेखित पारिश्रमिक/खर्चहरु समय-समयमा हुने व्यवस्था अनुसार परिमार्जन हुनेछन् ।**

त्रिभुवन विश्वविद्यालय